ANNEX-

## बुटवल पावर कम्पनी लि.

## आ.व. २०७२।७३ को

## संक्षिप्त आर्थिक प्रतिवेदन

(कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार)

**शेयरधनीज्यूहरु,**

१. कम्पनीले यस वर्ष महत्वपूर्ण प्रगति हासिल गरेको छ । कम्पनीको खुद मूनाफा १९.९% ले बढेको छ । गत वर्षको तेश्रो चौमासिकवाट उत्पादन शुरु गरेको ९.४ मेगावाटको आँधिखोला जलविद्युत केन्दले यस वर्ष पुरा अवधि उत्पादन गरेको छ । ३७.५ मेगावाटको कावेली ए जलविद्युत आयोजना एवं ३० मेगावाटको न्यादी जलविद्युत आयोजनाको निर्माणपूर्वका कार्यहरु सम्पन्न भई सन् २०१७ को प्रारम्भमा निर्माण कार्यहरु शुरु हुनेछन् ।

२. कम्पनीले वार्षिक कारोवारमा बृद्धि गरी रु. ६१ करोड ७२ लाख बराबरको कारोवारगर्न सफल भएको छ । यो रकम गत वर्षको वार्षिक कारोवार रकम रु. ५२ करोड ३२ लाखको तुलनामा १८% ले बढी हो । कम्पनीले खुद मूनाफामा समेत बृद्धि गरी यस वर्ष रु. ५७ करोड ५९ लाख खुद नाफा आर्जन गरेको छ । यो रकमगत वर्षको खुद मूनाफा रकम रु. ४७ करोड ९८ लाखको तुलनामा १९.९% ले बढी हो । कम्पनीको वार्षिक कारोबार बढ्नुको मुख्य कारण आँधिखोला बिद्युत गृहले ९.४ मेगावाटको पूर्ण क्षमतामा बिद्युत उत्पादन गर्नु रहेको छ । त्यसैगरी कम्पनीको खुद मूनाफा बढ्नुको मुख्य कारणहरुमा संचालन नाफातथा नगद लाभांश आम्दानी दुवैमा बृद्धि हुनु रहेको छ ।

२. कम्पनीको वित्तिय परिणामहरुको सारसंक्षेप निम्न अनुसार रहेको छ ।

(अन्यथा उल्लेख गरेको वाहेक अंक रु. हजारमा)

| विवरण | आ.व. २०७२।७३ | आ.व. २०७१।७२ |
|---|---|---|
| थोक विद्युत बिक्री बाट आम्दानी | ४७२,६९० | ४०२,३५६ |

बुटवल पावर कम्पनी लिमिटेड BPC २०४९

BRS Neupane & Co. Kathmandu Nepal Chartered Accountants

| | | |
|---|---|---|
| उपभोक्तालाई बिद्युत तथा विद्युत सेवा बिक्रीबाट आम्दानी | १४४,४९० | १२०,८३४ |
| जम्मा संचालन आम्दानी | ६१७,१८० | ५२३,१९१ |
| जम्मा संचालन खर्च | २८५,३३४ | ३१८,५४५ |
| कूल संचालन नाफा | ३३१,८४६ | २०४,६४६ |
| अन्य आय (लाभांश समेत) | ५८४,४९४ | ५२२,५५६ |
| प्रशासनिक, व्याज तथा अन्य खर्च | ३१७,७०९ | २२०,७१४ |
| वाँडफाँड अघिको खुद मुनाफा | ५७५,९४५ | ४७९,८२८ |
| प्रतिशेयर आम्दानी रु. | ३४.४२ | २८.६८ |
| नेटवर्थ रु. दश लाखमा | ३,६४४ | ३,४२८ |

३. यस वर्ष आँधीखोला बिद्युत गृहवाट ६३.४६ तथा झिमरुक बिद्युत गृहवाट ६९.५० गिगावाट आवर बिद्युत उत्पादन भयो । आँधीखोला बिद्युत गृहवाट उत्पादित विद्युत मध्ये ३१.१९ गिगावाट आवर तथा झिमरुक बिद्युत गृहवाट उत्पादित विद्युत मध्ये ६३.५९ गिगावाट आवर नेपाल विद्युत प्राधिकरणलाई बिक्रि गरिएको थियो ।

४. कम्पनीले आफ्ना वितरण प्रणालीमा उपलब्ध विद्युत मध्ये ३१.२८ गिगावाट आवर बिद्युत आफ्ना ग्राहकहरुलाई बिक्री गऱ्यो । यो बिक्री गत बर्षको बिद्युत बिक्री भन्दा १५% ले बढी हो । आ.व. २०७२।७३ को अन्तसम्ममा कम्पनीको वितरण व्यवसाय अर्न्तगत स्थानीय उपभोक्ताहरुको संख्या ५% ले बृद्धि भई ४८,५९९ जना पुगेको छ । विद्युत महशुल निर्धारण आयोगले २० वर्षको लामो अन्तराल पश्चात् मिति २०७३।४।१ देखी लागु हुने गरी आँधिखोला वितरण केन्द्रका ग्राहकहरुलाई लागु हुने विद्युत महशुलमा पूर्नसंरचना गरेको छ । यसवाट कम विद्युत खपत गर्ने ग्राहकहरु थप लाभान्वित हुने देखिएको छ । साथै, यसवाट कम्पनीले वितरण व्यवसायमा हुने नोक्सानी कम गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

५. संचालनमा रहेका सहायक तथा संवद्ध कम्पनीहरुको कार्य सम्पादन यस प्रकार रहेको छ ।

बुटवल पावर कम्पनी लिमिटेड bpc २०४९

BRS Neupane & Co. Kathmandu Nepal Chartered Accountants

(क) ६० मेगावाट क्षमताको खिम्ती प्रथम बिद्युतगृह संचालन गर्ने हिमाल पावर लि. ले आ.व. २०७२।७३ मा रु. ३ अरव ७ करोड खुद नाफा आर्जन गऱ्यो जुन गत वर्षको तुलनामा १४ करोडले बढी हो । बिपिसीले उक्त आ. व. मा हिमाल पावर लि. बाट रु. ५२ करोड ८५ लाख लाभांश प्राप्त गरेको थियो, जुन गत वर्षको तुलनामा रु.९.९ करोडले बढी हो ।

(ख) हाइड्रो कन्सल्ट इन्जिनियरिङ लि. एक इन्जिनियरिङ परामर्शदाता कम्पनी हो । यस कम्पनीले गत वर्षको तुलनामा ८.२% ले कारोवारमा बृद्धि गरी रु ९ करोड ९१ लाखको कारोवार गऱ्यो । हाइड्रो कन्सल्टले आ. व. २०७२।७३ मा गत वर्ष भन्दा रु.१० लाखले बढी १ करोड ३२ लाख खुद मूनाफा आर्जन गर्न सफल भएको छ । यस आ.व. मा बिपिसीले उक्त कम्पनीबाट रु. २२ लाख लाभांश प्राप्त गरेको थियो ।

(ग) बिपिसि सर्भिसेज लि. संचालन तथा मर्मत संभार सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले आ.व. २०७२।७३ मा रु. ४ लाख खुद नाफा आर्जन गरेको छ ।

(घ) नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. हाइड्रो मेकानिकल तथा इलेक्ट्रो मेकानिकल उत्पादक कम्पनी हो । गत वर्ष १ करोड २० लाख घाटा व्यहोरेको यस कम्पनीले आ. व. २०७२।७३ मा उल्लेख्य रुपमा बृद्धि गरी रु. ६ करोड ३३ लाख खुद नाफा आर्जन गरेको छ ।

(ङ) खुदी हाइड्रोपावर लि. ले आ.व. २०७२।७३ मा गत वर्षको बिक्रीमा १९.५८ प्रतिशतले न्यून भई रु. ८ करोड ९ लाख वरावरको बिद्युत बिक्री गरी रु. १ करोड ७० लाख खुद नाफा आर्जन गरेको छ ।

(च) हाइड्रो ल्याव प्रा .लि. हाइड्रोलिक्स तथा सेडिमेण्ट विश्लेषण सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले आ.व. २०७२।७३ मा १ करोड ४७ लाखको कारोवार गरी ९ लाख नाफा आर्जन गरेको छ ।

(छ) ३७.६ मेगावाट क्षमताको कावेली ए जलबिद्युत आयोजना कावेली इनर्जि लि. मार्फत विकास निर्माण भईरहेको छ । यस आयोजनामा आ. व. २०७२।७३ सम्ममा रु. ६४ करोड ५४ लाख वरावरको कार्य प्रगति गरिसकेको छ । उक्त आयोजनाको



BUTWAL POWER COMPANY LIMITED bpc 2049

BRS Neupane & Co. Kathmandu Nepal Chartered Accountants

निर्माणपूर्वका कार्यहरु सम्पन्न भई सन् २०१७ को प्रारम्भवाट निर्माण कार्य शुरु हुँदैछ ।

(ज) न्यादी हाइड्रोपावर लि.ले विकास गर्दै गरेको ३० मेगावाट क्षमताको न्यादी जलविद्युत आयोजनामा रु. ४३ करोड ५२ लाख वरावरको कार्य प्रगति भईसकेको छ । विपिसिको यसमा मुख्य शेयरधनीको रुपमा ९७.२२% शेयर लगानी रहेको छ । उक्त आयोजनाको निर्माणपूर्वका कार्यहरु सम्पन्न भई सन् २०१७ को प्रारम्भवाट निर्माण कार्य शुरु हुँदैछ ।

(छ) विपिसी र इन्फ्राको एशिया डेभलपमेन्ट को क्रमशः ४० प्रतिशत र ६० प्रतिशत स्वामित्व कायम रहने गरी गुरांश ईनर्जी लिमिटेडको स्थापना भएको छ । संयुक्त लगानीमा स्थापित उक्त कम्पनीको उदेश्य हाल विकास तथा निर्माणको चरणमा रहेको एवं अन्य नयां जलविद्युत परियोजनाहरुमा लगानी तथा विकास निर्माणमा सहयोग पुऱ्याउने रहेको छ । कावेली इनर्जि लिमिटेडमा यस कम्पनीको बहुमत् शेयर स्वामित्व रहेको छ ।

६. आयोजना/आयोजना कम्पनीहरुको विद्यमान अवस्था तथा यस वर्षका योजनाहरु यस प्रकार रहेका छन् ।

(क) विपिसिले आ.व. २०७२।७३ सम्ममा १०० मेगावाट क्षमताको लोअर मनाङ मर्स्याङदी आयोजनाको विकासको लागि रु. १५ करोड ५३ लाख लगानी गरिसकेको छ । यस आयोजनाको संभाव्यता अध्ययन तथा जियोटेक्निकल अनुसन्धानको कार्य सम्पन्न भैसकेको छ भने विस्तृत डिजाइन अन्तिम चरणमा छ । वातावरणीय प्रभाव मुल्यांकनको कार्य सम्पन्न गरी सो को प्रतिवेदन वातावरण मन्त्रालयद्वारा स्वीकृत पनि भइसकेको छ । यस आयोजनाको कनेक्सन सम्झौता एवं पीपीए प्रक्रियाको चरणमा रहेको छ ।

(ख) लोअर मनाङ मर्स्याङदी आयोजनाको निर्माण कार्यको लागि आवश्यक विद्युत आपूर्ति समेत गर्ने ध्येयले ८.५ मेगावाट क्षमताको चिनोखोला साना जलविद्युत आयोजनाको विकास गर्न लागिएको हो । यस आयोजनाको संभाव्यता अध्ययन कार्य सम्पन्न भएको छ र वातावरणीय प्रभाव मुल्यांकनको कार्य भईरहेको छ । यस आयोजनामा हाल सम्म रु. ८६ लाख लगानी भईसकेको छ ।

बुटवल पावर कम्पनी लिमिटेड bpc २०४९

BRS Neupane & Co. Kathmandu Nepal Chartered Accountants

७. कम्पनीले यस वर्ष पनि नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थावाट उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुति पुरस्कार प्राप्त गर्न सफल भएको छ । साथै, न्यू विजनेश एजवाट सर्वोत्कृट व्यवस्थापन गरिएको जलविद्युत कम्पनी पुरस्कार समेत प्राप्त गर्न सफल भएको छ ।

७. कम्पनीको संचालक समितिले आ.व. २०७२।७३ को खुद मूनाफा, रिजर्भ एवं संचित मूनाफावाट चुक्ता पूँजीको २०% नगद लाभांश वितरण गर्ने तथा ७% बोनस शेयर जारी गर्ने प्रस्ताव गरेको छ ।

८. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणहरु र संचालक समितिको प्रतिवेदनवाट संक्षेपीकरण गरिएको हो ।

उत्तर कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

बुटवल पावर कम्पनी लिमिटेड bpc २०४९

सि.ए. ज्ञानेन्द्र बहादुर भारी
साझेदार
बि. आर. एस. न्यौपाने एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस्

BRS Neupane & Co. Kathmandu Nepal Chartered Accountants

# बुटवल पावर कम्पनी लिमिटेड
## वित्तिय अवस्थाको विवरण
### २०७३ आषाढ ३१ गतेको

| विवरण | आ.व. २०७२।०७३ रु. | आ.व. २०७१।०७२ रु. |
|---|---|---|
| १. कोषको श्रोत | | |
| १ **शेयरधनी कोष** | | |
| शेयर पूँजी | १,६७३,२२२,७०० | १,६७३,२२२,७०० |
| जगेडा तथा बचत | १,९७०,९८१,७२७ | १,७५५,३२४,५४० |
| **जम्मा शेयरधनीको कोष** | **३,६४४,२०४,४२७** | **३,४२८,५४७,२४०** |
| २ **दिर्घकालिन दायित्व** | | |
| अनुदान जगेडा | १९६,६७८,५१८ | २००,५१५,७०६ |
| दिर्घकालिन ऋण | ५९५,१२५,५५८ | ७६५,४८८,१४९ |
| **जम्मा दिर्घकालिन दायित्व** | **७९१,८०४,०७६** | **९६६,००३,८५५** |
| **जम्मा** | **४,४३६,००८,५०३** | **४,३९४,५५१,०९५** |
| २ **कोषको उपयोग** | | |
| १ **अचल सम्पत्ति** | | |
| **स्थिर सम्पत्ति** | | |
| कुल स्थिर सम्पत्ति | ३,७५९,२७२,१७७ | ३,७००,३१४,२२७ |
| न्यून:ह्रासकट्टी | १,१०६,११७,१७३ | ९६६,४९८,८३० |
| **खुद स्थिर सम्पत्ति** | २,६५३,१५५,००४ | **२,७३३,८१५,३९७** |
| बिक्रीको लागि राखिएको सम्पत्ति | ० | ३,१७०,२०३ |
| पूँजीगत कार्य प्रगति | २०५,८०२,९६० | १७९,३६५,६६२ |
| शेयरमा लगानी | १,४४१,५५६,०४२ | १,०८८,१८४,८७० |
| ऋण तथा पेश्की | ४,४६८,९०९ | २५४,९१४,७५७ |
| **कुल अचल सम्पत्ति** | **४,३०४,९८२,९१५** | **४,२५९,४५०,८८९** |
| २ **चालु सम्पत्ति** | | |
| नगद तथा बैंक मौज्दात | ६५,७३३,८२२ | ८५,७६७,३२९ |
| मौज्दात | ९३,२४८,४३९ | ६८,१३३,१४५ |
| आसामी तथा प्राप्य रकम | ३१४,५०९,२६९ | ३०५,९४३,४६८ |

| | | | |
|---|---|---|---|
| | पेश्की तथा धरौटी भुक्तानी | २२२,५०६,०८४ | २११,११०,८६१ |
| | **जम्मा चालु सम्पत्ति** | **६९५,९९७,६१४** | **६७०,९५४,८०३** |
| ३ | **न्युनःचालु दायित्व** | | |
| | अल्पकालिन ऋण (एक बर्ष भित्र भुक्तानी गर्नु पर्ने दिर्घकालिन ऋण सहित) | २३१,५९०,५६७ | १२२,१७२,४१६ |
| | साहु तथा भुक्तानी गर्नु पर्ने रकम | २५८,६२५,०५० | ३४२,२४७,९५४ |
| | पेश्की तथा धरौटी प्राप्त | २९,९९४,८३८ | ३२,४९५,१२४ |
| | व्यवस्थाहरु | ९,९५४,९३४ | १५,०८०,५६४ |
| | **जम्मा चालु दायित्व** | **५३०,१६५,३८९** | **५११,९९६,०५८** |
| | **खुद चालु सम्पत्ति** | **१६५,८३२,२२५** | **१५८,९५८,७४५** |
| ४ | **स्थगन कर दायित्व** | **३४,८०६,६३७** | **२३,८५८,५३९** |
| | **जम्मा** | **४,४३६,००८,५०३** | **४,३९४,५५१,०९५** |

बुटवल पावर कम्पनी लिमिटेड
bpc
२०४९

BRS Neupane & Co.
Kathmandu
Nepal
Chartered Accountants

# बुटवल पावर कम्पनी लिमिटेड

## २०७३ आषाढ ३१ गते समाप्तवर्षको

## नाफा नोक्सानको विवरण

| विवरण | आ.व. २०७२।०७३ रु. | आ.व. २०७१।०७२ रु. |
|---|---|---|
| **संचालन आम्दानी** | | |
| नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री | ४७२,६८९,६२५ | ४०२,३५६,२८१ |
| उपभोक्तालाई विद्युत बिक्री | १३४,५३४,२७१ | ११४,५८८,७६९ |
| विद्युत सेवा | ९,९५५,९०९ | ६,२४६,६०२ |
| **जम्मा संचालन आम्दानी** | **६१७,१७९,८०५** | **५२३,१९१,६५२** |
| **संचालन खर्चहरु** | | |
| उत्पादन खर्च | १९९,०६९,७५४ | २४८,७७७,२६७ |
| वितरण खर्च | ८६,२६३,८६४ | ६९,७६७,९७१ |
| **जम्मा संचालन खर्चहरु** | **२८५,३३३,६१८** | **३१८,५४५,२३८** |
| **कुल संचालन नाफा** | **३३१,८४६,१८७** | **२०४,६४६,४१४** |
| **प्रशासनिक तथा अन्य खर्चहरु** | | |
| प्रशासनिक खर्च | ९५,८४२,५३० | ९३,२५२,२८२ |
| ह्रास कट्टी | १४१,८५२,२१४ | १०३,५९१,५६९ |
| संभावित लगानीको आय/नोक्सान व्यवस्था | ७२४,८२८ | (१७,३६३,५६४) |
| ब्याज खर्च | ७९,२८९,६६८ | ४१,२३३,९६० |
| **जम्मा प्रशासनिक तथा अन्य खर्चहरु** | **३१७,७०९,२४०** | **२२०,७१४,२४७** |
| **अन्य श्रोतहरुवाट आम्दानी** | | |
| ब्याज आम्दानी | २१,८१९,५२१ | ३७,७६७,८७४ |
| अन्य आम्दानी | १५,५५३,९९२ | ४०,४२६,१८५ |
| अनुदान सहयोगको आम्दानी अंशको ह्रासकट्टी | १२,१४२,८६० | ११,६३९,५५१ |
| लाभांश आम्दानी | ५३१,७६७,८८० | ४३३,१०२,६२३ |
| विदेशी मुद्रा विनिमय लाभ/नोक्सान | १९७,६४८ | २४३,६६२ |
| सम्पत्ति तथा मौज्दात वस्तु बिक्री नाफा/नोक्सान | ३,०१२,९५६ | (६२४,२२५) |
| **जम्मा अन्य श्रोतहरुवाट आम्दानी** | **५८४,४९४,८५७** | **५२२,५५५,६७०** |
| **बोनस र कर अघिको नाफा** | **५९८,६३१,८०४** | **५०६,४८७,८३७** |

| | | |
|---|---|---|
| कर्मचारी बोनस | ११,७३७,८७९ | १०,७६४,१९१ |
| संस्थागत आयकर व्यवस्था | - | - |
| स्थगन कर आम्दानी /(खर्च) | (१०,९४८,०९८) | (१५,८९५,१५९) |
| वाँडफाँड अघिको मुनाफा/नोक्सान | **५७५,९४५,८२७** | **४७९,८२८,४८७** |

## नाफा नोक्सानको वाँडफाँड हिसाव

| | | |
|---|---|---|
| गत वर्षको वाँकी | १,१२०,२८२,५४१ | ९३७,९३४,२६९ |
| यस वर्षको नाफा | ५७५,९४५,८२७ | ४७९,८२८,४८७ |
| **जम्मा** | **१,६९६,२२८,३६८** | **१,४१७,७६२,७५६** |
| न्युनः लाभांश भुक्तानी | (३३४,६४४,५४०) | (२५०,९८३,४०५) |
| **जम्मा लाभांश** | **(३३४,६४४,५४०)** | **(२५०,९८३,४०५)** |
| विगत वर्षको कर तथा अन्य समायोजन | (१२,७९८,१००) | (४६,४९६,८१०) |
| **वासलातमा सारेको संचित मुनाफा** | **१,३४८,७८५,७२८** | **१,१२०,२८२,५४१** |
| **प्रति शेयर आम्दानी - आधारभूत (Basic)** | **३४.४२** | **२८.६८** |
| **प्रति शेयर आम्दानी - परिवर्तित (Diluted)** | **३४.४२** | **२८.६८** |

बुटवल पावर कम्पनी लिमिटेड bpc २०४९

BRS Neupane & Co. Kathmandu Nepal Chartered Accountants